संवत् २०८१ साल चैत्र ४ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०१०/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | आन्तरिक लेखा परीक्षण शाखा | आ.व. २०८०/०८१ को महालेखा परीक्षकको कार्यालयबाट औल्याइएका नियमित गर्ने बेरुजुहरुको सम्बन्धमा बेरुजु फछ्र्यौट समितिबाट पेश हुन आएको विवरणलाई बेरुजु फछ्र्यौट गर्ने कार्यको लागि नगरसभामा पेश गर्ने। |
| २. | योजना/ प्राविधिक शाखा | भैंसे सिमभञ्ज्याङ केवलकार संचालनको लागि प्रारम्भिक छलफल गरियो । उक्त क्षेत्रमा पर्यटकहरुलाई खाना बस्नको लागि सुविधा सम्पन्न होटल तथा रिसोर्ट लगायत मनोरञ्जनका साधानहरु निर्माण कार्यहरु गर्नको लागि Feasibility study, DPR तयार गर्ने लगायतका कार्यहरु गर्न भिमफेदी गाउँपालिकाका जनप्रतिनिधी तथा भद्रभलादमीहरुसंग छलफल गरी आगामी कार्यपालिका बैठकमा छलफल तथा निर्णयहरु गर्दै जाने। |
| ३.१ | प्रशासन महाशाखा/शाखा | यस नगरपालिकामा कार्यरत निम्न बमोजिमका कर्मचारीलाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० (१) र (२) बमोजिम मिति २०८१/१०/०१ गतेदेखि ज्येष्ठता कायम हुने गरी लेखा अधिकृत तहवृद्धि गर्ने । (तालिका तल) |

| क्र.सं. | कर्मचारीको नामथर | पद/तह | क.सं.नं. | सेवा/ समूह | स्तरवृद्धि गर्ने तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अमर बहादुर जिसी | लेखा अधिकृत /अधिकृतस्तर सातौं | २२८७२२ | प्रशासन/ लेखा | बरिष्ठ लेखा अधिकृत/ अधिकृतस्तर आठौं | प्रकृया पुगी २०८१ माघ १ गते अघि नै तहवृद्धिको लागि निवेदन दर्ता भएको |

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| ३.२ | विपद व्यवस्थापन शाखा | मिति २०८१ साल फागुन २९ गते बेलुका थाहा नगरपालिका वडा नं. ३, ४ र ५ आएको हावाहुरीको कारण क्षती पुगेको घर, गोठ, कृषि बाली तथा पशु चौपायाहरुको विवरण तयार गरी राहतको लागि जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने। |
| ३.३ | थाहानगर खानेपानी व्यवस्थापन बोर्ड | नागरिकहरुलाई सर्वसुलभ रुपमा खानेपानी आपूर्तिका लागि थाहा नगरपालिका वडा नम्बर ११ र १२ मा रहेको विद्युतमा आधारित खानेपानी परियोजनाहरु क्रमशः कुवापानी लिफ्टिङ खानेपानी आयोजना र सलमपुर खानेपानी आयोजनाको विद्युत महशुल नगरपालिकाबाट नियमित रुपमा भूक्तानी गर्ने। |
| ३.४ | विधायन/कानून | थाहा नगरपालिकामा हालसम्म पनि आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि नभएकोले दैनिक कार्य सञ्चालनको क्रममा केही अफ्ठ्याराहरु आएको हुँदा आन्तरिक नियन्त्रण प्रणली सम्बन्धी कार्यविधि तयार गरी नगरसभामा पेश गर्न विधायन समितिलाई अनुरोध गर्ने । |
| ३.५ | कानून/पशु विकास | पशु विकास शाखाको कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक मापदण्ड, २०८१ स्वीकृत गर्ने । |
| ३.६ | महिला तथा बालबालिका शाखा | राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन तथा सि.वि.आर. कार्यक्रमको लागि आव्हान गरिएको सूचनामा पर्याप्त प्रस्तावना पेश नभएकोले राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको दोस्रो पटक र सि.वि.आर. कार्यक्रमको लागि तेस्रो पटक पुनः ७ दिने प्रस्तावको सूचना आव्हान गर्ने । |
| ३.७ | योजना/ प्राविधिक/पर्यटन शाखा | जलदेवी राकश गुफा ट्रेल निर्माण गर्न रु.७,००,०००।/- बजेट नेपाल पर्यटन बोर्डबाट विनियोजन भई आएकोमा उक्त योजनाको लागि समपुरक बजेटबाट (२०%) ले हुने रु.१,४०,०००/- यस कार्यालयबाट समेत विनियोजन गर्ने। |

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता

| | | |
|---|---|---|
| ३.८ | सामाजिक विकास/योजना /प्राविधिक शाखा | थाहा नगरपालिका वडा नं. ३ मा रहेको धार्मिक स्थलहरु भद्रतिर्थ, पाण्डुकेश्वर, त्रिवेणी, शंखमुल, नारदतिर्थ लगायत क्षेत्रहरु समेटेर पौराणिक धार्मिक ऐतिहासिकता बोकेको क्षेत्रलाई विकास गरी पर्यटन प्रवर्द्धन गर्ने र ऐतिहासिक पौराणिक महत्व भएको धार्मिक पर्यटकिय तिर्थ क्षेत्र शंखमुल क्षेत्रमा बनाउन मोक्षधाम तिर्थस्थल क्षेत्र विकास समिति गठन गर्ने । साथै उक्त क्षेत्रको **DPR** तयार गर्ने कार्य समेत अगाडी बढाउने । |
| ३.९ | कृषि विकास शाखा | चालु आर्थिक वर्षमा संघीय ससर्त कार्यक्रम अन्तर्गत मकै बाली प्रवर्द्धन कार्यक्रमको लागि संघिय निर्देशिकामा उन्नत जात र नेपाली हाइब्रिडको विउमा अनुदान दिने भनी लेखेको हुँदा यहाँको कृषकहरुको माग बमोजिम CP 808 जातको मकै विउ ५०% अनुदानमा वितरण गर्ने । |
| ३.१० | कृषि/पशु विकास शाखा | बागमती प्रदेश सरकार, कृषि विकास निर्देशनालय, हेटौडाको च.नं. ५०५ मिति २०८१/१२/०१ गतेको पत्रानुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम संचालन गर्न यस नगरपालिकाको तपसिलका वडाहरु तपसिलका कार्यक्रमहरु छनौट गरी पठाउने ।<br>तपसिल (तलको तालिका) |
| ३.११ | योजना/ प्राविधिक शाखा | थाहा नगरपालिका योजना महाशाखा र प्राविधिक शाखाको सिफारिस बमोजिम तपसिल बमोजिमका योजनाहरुको म्याद थप गर्ने :<br>तपसिल<br>● ***Upgrading of Kulgaun Kunchhal bhitri Road*** २०८१ चैत्र १५ गतेसम्म म्याद थप<br>● ***Maintenance of Dobato Dandabas Road*** २०८२ असार २० गतेसम्म म्याद थप |

तपसिल (३.१०)

| वडा नं. | प्रस्ताव पेश गरिएको कार्यक्रम |
|---|---|
| १ | आलु बाली पकेट क्षेत्र |
| २ | आलु उत्पादन पकेट क्षेत्र |
| ३ | आलु उत्पादन पकेट क्षेत्र |
| ४ | च्याङ्ग्रा पालन तथा उत्पादन कार्यक्रम |
| ५ | मकै तथा कोदो उत्पादन |
| ६ | गोलभेडा खेती |
| ७ | आलु तथा काउली उत्पादन |
| ८ | बाख्रा पालन तथा उत्पादन |
| ९ | आलु खेती कार्यक्रम |
| १० | गोलभेडा खेती |
| ११ | आलु बाली पकेट क्षेत्र |
| १२ | पशुपन्छी पकेट क्षेत्र (भैसी) |

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता